**निर्णयः**

१) रत्ननगर नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउने क्रममा वडा नं. १० लाई मिति २०७५ पौष  ६ गते बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

२) यस रत्ननगर नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरूलाई आवश्यक संख्यामा मोटरसाइकल र स्कुटर खरिद गर्ने निर्णय गरियो ।

३) आ.व. २०७४/०७५ को जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम बिक्री गर्नुपर्ने भनी देखाइएका सम्पूर्ण मालसामानहरु लिलाम बिक्री गर्न स्वीकृति दिने निर्णय गरियो ।

४) यस नगरपालिकामा स्थायी रुपमा बसोबास गरिरहनु भएका नागरिकहरू बिरामी भई अंग प्रत्यारोपण गर्नुपर्ने भनी वडाको सिफारिस सहित स्वास्थ्य संस्थाबाट प्रमाणित भई आएमा रु. २५,०००।०० (पच्चीस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

५) यस रत्ननगर नगरपालिकाले फोहोरमैला व्यवस्थापनको कार्य आफै गर्दै आएकोमा वडा नं. ५, ६ र ७ को हकमा Clean City नामको संस्थाबाट बाँकी वडाको हकमा निजी क्षेत्रबाट उक्त कार्य गराउनका लागि इच्छुक संस्थाहरूलाई प्राविधिक र आर्थिक प्रस्ताव सहित आवेदन दिनका लागि सूचना प्रकाशन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

६) यस रत्ननगर नगरपालिका वडा नं. ५, ६ र ७ को फोहोरमैला व्यवस्थापन गर्नका लागि Clean City नामको संस्थाबाट प्रस्ताव भई आएकोले Land fill Site रहेको सामुदायिक वनसँग छलफल गरी MOU गर्ने उक्त संस्थाले प्रयोग गर्ने ट्याक्टरको लागि इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

७) यस नगरपालिकामा बसोबास गरी रहेका फरक क्षमता भएका व्यक्तिहरूलाई नगरस्तरीय अधिवेशन गर्न लक्षित वर्गतर्फ रहेको एकमुष्ठ बजेटबाट रु. २५,०००।०० (पच्चीस हजार मात्र) दिने निर्णय गरियो ।

८) यस रत्ननगर नगरपालिकामा स्थायी रुपमा बसोबास गरी रहेका व्यक्तिहरू किड्नी फेल भई बिरामी भएको भनी वडाको सिफारिस सहित स्वास्थ्य संस्थाबाट समेत प्रमाणित भै आएमा रु. ५,०००।०० (पाँच हजार) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

९) यस नगरपालिकाको नगर क्षेत्रमा सार्वजनिक शौचालयको प्रभावकारी व्यवस्था नहुँदा मेला महोत्सव तथा सार्वजनिक समारोहमा सहभागी महानुभाव र आन्तरिक एवम् बाह्य पर्यटकहरुलाई भएको असुविधालाई मध्यनजर गरी उपयुक्त व्यवस्थापन गर्नका लागि घुम्ति शौचालय खरिद गर्ने निर्णय गरियो । उक्त कार्यको लागि आवश्यक रकम "न.पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण" शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

१०) स्थानीय स्तरमा देखिएका समस्याहरूलाई स्थानीय स्तरमै समाधान गर्नका लागि नेपालको संविधानमै न्यायिक समितिको व्यवस्था भएअनुसार यस नगरपालिकाबाट वडास्तर र नगरपालिका

स्तरमा गठन भएको मेलमिलाप समितिको मेलमिलापकर्ता र न्यायिक समितिका सदस्यहरूलाई तालिमको व्यवस्था गर्ने निर्णय गरियो । सो कार्यका लागि आवश्यक बजेट लक्षित वर्गतर्फ रहेको एकमुष्ठ बजेटबाट विनियोजन गर्ने निर्णय गरियो ।

११) यस रत्ननगर नगरपालिकाबाट लैङ्गीक हिंसा विरुद्ध १६(सोह्र) दिने अभियान अन्तर्गत् यस नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरूको सञ्चालन खर्चको रकम लक्षित वर्गतर्फ रहेको एकमुष्ठ बजेटबाट विनियोजन गर्ने निर्णय गरियो ।

१२) यस न. पा. बाट संकलन हुने करहरूमध्ये सम्पत्ति कर, व्यवसाय कर लगायतका कर संकलन कार्यलाई थप व्यवस्थित बनाउन पारदर्शिता सुनिश्चितता गरी सुलभ र गुणस्तरीय सेवा जनताको नजिकको निकाय वडा कार्यालयकाटै सम्पत्ति कर संकलन गर्ने व्यवस्था मिलाउन Web Base मा जाने निर्णय गरियो । सो कार्यका लागि विनियोजित बजेट नपुग भएकोले न.पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण शीर्षकबाट आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

१३) श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हस्तान्तरण भई यस कार्यालयलाई प्राप्त भै आएको बा.१.झ. १२१७ नं.को निशान गाडीलाई शोरुममा लगी मर्मत गर्ने निर्णय गरियो ।

१४) यस कार्यालय अन्तर्गत रही Intership गर्न आएका Civil Sub Overseer अध्ययनरत विद्यार्थीहरूलाई खाजा खर्च वापत दैनिक रु. १००।- (एक सय मात्र) कार्यालयको विविध खर्च शीर्षकबाट दिने निर्णय गरियो ।

१५) बच्चा, बालश्रममा लागेको, घरको अवस्था समेत हेर्दा खरको छानो भएको, गरिब दीनदुःखी देखिएको अवस्था भएका व्यक्तिहरूको खरको छानोलाई विस्थापित गरी टिनको छानो हाल्न टिन उपलब्ध गराउने निर्णय गरियो । सो कार्यका लागि आवश्यक रकम नगर प्रमुख विपद व्यवस्थापन कोषबाट व्यहोर्ने  निर्णय गरियो ।

१६) बकुलहर चोकबाट जयमङ्गला जाने बाटोको चौडाई हाल ९(नौ) मी. रहेको र यस नगरपालिकाबाट निर्माणाधिन अवस्थामा रहेको MTMP मा २४(चौबिस) मी. प्रस्ताव गरिएको हुँदा सो क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरूको आवास बनाउने जग्गा समेत बाटोमा जाने अवस्था देखिएको हुँदा हाललाई १६(सोह्र) मी. कायम गर्ने निर्णय गरियो र आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

१७) यस नगरपालिकाबाट बोलपत्र आह्वान गरी निर्माणाधिन अवस्थामा रहेको वडा नं. २ र ४ मा अवस्थित नाला निर्माण योजना अन्तर्गत नाला खन्ने क्रममा खानेपानीको पाइप परी उक्त खानेपानीको पाइपलाई सार्नुपर्ने देखिएको र पाइप पुरानो भई नयाँ राख्नुपर्ने अवस्था सिर्जना भएकोले रत्ननगर नगरपालिका र रत्ननगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थासँग छलफल हुँदा रत्ननगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले नयाँ राख्नुपर्ने पाइपको व्यवस्था गर्ने र नगरपालिकाले पाइप लाइन खन्ने, पुर्ने र House Connection गर्दा खर्च हुने

रकम नगरपालिकाले सो योजनाको ठेक्का लगाउँदा बचत भएको रकमबाट व्यहोर्ने निर्णय गरियो ।

१८) यस रत्ननगर नगरपालिकाको कार्यालय परिसर र बजार व्यवस्थापनको लागि हवल्दार स्तरको १ जना र जवान स्तरको ३ जना नगर प्रहरी कार्यरत रहेकोमा हवल्दार स्तरको १ जना र जवान स्तरको ५ जना नगर प्रहरीको दरबन्दी थप गर्ने, सो को अनुमोदन नगर सभाबाट गर्ने, तत्पश्चात् रिक्त पदमा सार्वजनिक सूचना मार्फत विज्ञापन गर्ने र प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने निर्णय गरियो ।

१९) यस रत्ननगर नगरपालिकामा City Hall निर्माण गर्नका लागि नेपाल सरकारको नाममा रहेको वडा नं. ७ मा स्थित पूर्व व्यत्तिलगत जग्गा (साविक बछ्यौली क्षेत्र), पश्चिम घोल, उत्तर साविक देबौली ४/क कि.नं. ११६५,२१२ लगायत र दक्षिण शारदा पिच तथा व्यक्तिगत जग्गा (साविक बछौली क्षेत्र कि. नं. ४४८) चारकिल्ला भएको १२६७५ वर्ग मि. क्षेत्रफल रहेको जग्गा लिजमा लिनुपर्ने भएकाले सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ मा व्यवस्था भए बमोजिमका समिति मार्फत् नेपाल सरकारबाट उक्त क्षेत्रफलको जग्गा City Hall को नाममा लिजमा उपलब्ध गराउने व्यवस्था गरिदिनु हुन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

२०) यस रत्ननगर नगरपालिकाको योजनावद्ध विकासको लागि अत्यावश्यक नगर प्रोफाइल निर्माण गर्नका लागि अपुग हुने रकम न. पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

२१) यस रत्ननगर नगरपालिकाभित्र पूर्व पश्चिम राजमार्गको दायाँ/बायाँ रहेका जग्गाधनीहरुले मुआब्जा पाएको जग्गाको समेत किनबेच गर्ने गरेको पाइएकोले उक्त मुआब्जा पाएका तथा सार्वजनिक जग्गाहरुको किनबेच दर्ता/रोक्का गर्न मुआब्जा बुझेको सार्वजनिक जग्गाको विवरण वडा कार्यालयहरुले संकलन गरी मालपोत कार्यालयमा पठाउने निर्णय गरियो ।

२२) यस रत्ननगर नगरपालिकाको वडा नं. १० कार्यालयको संघसंस्था अनुदान शीर्षक अन्तर्गत विनियोजित रकममध्ये रू. ८०,०००।- (असी हजार मात्र) लाई संघसंस्थाको अवस्था बुझ्नका लागि संघसंस्थाका प्रतिनिधि र वडा समितिका पदाधिकारी सहितको टोलीलाई तुलनात्मक अध्ययन भ्रमण भन्ने शीर्षक राखी उक्त शीर्षकमा रकमान्तर गरी खर्च भएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२४) सेले दोर्जे तामाङको मिति २०७५।०६।२१ गतेको निवेदन अनुसार निजको श्रीमती मोतीमाया तामाङ्गको मिति २०७३।०९।०४ गते गैंडाको आक्रमणमा परी मृत्यु भएकोले निजको परिवार सेले दोर्जेलाई रू. २५,०००।- (पच्चिस हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।